नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

फोन नं.: ०४१-५९०११७
इमेल: ftqcoj@gmail.com

# खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय

जनकपुरधाम, धनुषा

## आ.व. २०८२/०८३ बार्षिक प्रगति विवरण सम्बन्धी बिज्ञप्ति (प्रेस नोट)

**(मितिः २०८३/०४/११)**

मानव स्वास्थ्यको सुरक्षा तथा उपभोक्ताको हित संरक्षणका लागि मधेश प्रदेशका ८ (आठ) जिल्लामा खाद्य तथा दाना पदार्थको स्वच्छता तथा गुणस्तर नियमन गर्ने प्रमुख उद्देश्यका साथ संघीय सरकारको स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग मातहत यो कार्यालय क्रियाशील रहेको छ । यस मातहतमा ४ वटा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय (राजविराज, जलेश्वर, मलंगवा र वीरगंज) रहेका छन् । यी कार्यालयहरुले नेपाल सरकारको स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत रही यस प्रदेशमा विभिन्न प्रवर्धनात्मक कार्यक्रम संचालन, खाद्य तथा दाना पदार्थको विश्लेषण परीक्षण सेवा प्रदान र सरोकार पक्षसंगको सहकार्यमा बजार अनुगमन सम्बन्धी कार्य गर्दै आएका छन् । यी कार्यालयहरुले खाद्य स्वच्छता तथा गुणस्तर ऐन २०८१ तथा दाना पदार्थ ऐन २०३३ को परिधि भित्र रही यस प्रदेशका खाद्य/दाना उद्योग, खाद्य/दाना बजार, थोक तथा खुद्रा पसल, डिपार्टमेन्टल स्टोर, होटल, होमस्टे, क्यान्टिन, रेष्टुरेन्ट, स्ट्रिट फुड लगायतका खाद्य व्यवसयमा स्वच्छता तथा गुणस्तर नियमन गर्दै आएका छन् । प्रदेश स्तरमा अनुगमन नियमनको कार्यलाई प्रभावकारी बनाउन यस मातहतका डिभिजन कार्यालय राजविराज (कार्य क्षेत्रः सिराहा र सप्तरी), डिभिजन कार्यालय जलेश्वर (कार्य क्षेत्रः महोत्तरी), डिभिजन कार्यालय मलंगवा (कार्य क्षेत्रः रौतहट र सर्लाही) र डिभिजन कार्यालय वीरगंज (कार्य क्षेत्रः बारा र पर्सा) आ-आफ्नो कार्यक्षेत्रमा क्रियाशील रहेका छन् । यस कार्यालयले बिशेष गरी धनुषा जिल्ला हेर्ने तथा मातहतका डिभिजन कार्यालयका गतिबिधिलाई अनुगमन र संयोजन गर्ने गर्दछ । यसै परिप्रेक्षमा बार्षिक स्वीकृत कार्यक्रम अन्तरगत रही यस तथा मातहतका कार्यालयहरुले आ.व. २०८२/०८३ को अवधिमा सम्पादन गरेका मुख्य मुख्य कार्यहरु समेटेर सर्वसाधारणको जानकारीको लागि यो **प्रगति प्रतिवेदन** सार्वजनिक गरिएको छ ।

१. **प्रवर्धनात्मक कार्यक्रम**: यस कार्यक्रम अन्तर्गत खाद्य व्यवसायीलाई खाद्य स्वच्छता, गुणस्तर, पोषण र खाद्य प्रविधि र ऐन नियम सम्बन्धी सचेतना अभिवृद्धी गर्ने उद्देश्यले ६१ भन्दा बढी छोटा अवधिका तालिम, गोष्ठी तथा अन्तरक्रिया कार्यक्रम संचालन गरिएका थिए । संचालित कार्यक्रमहरुमा Food Safety and Quality Management System सम्बन्धी तालिम, खाद्य प्रशोधन प्रविधि सम्बन्धी तालिम, होमस्टे/होटल रेष्टुरेण्ट/क्याण्टिन सञ्चालकहरुलाई खाद्य स्वच्छता सम्बन्धी तालिम, खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी सरोकारवालासंग अन्तरक्रिया कार्यक्रम, होटल लोगो स्तरिकरण तथा नविकरण कार्यक्रम, स्थानिय तहसंगको सहकार्यमा स्ट्रिटफुडको स्वच्छता कार्यक्रम, खाद्य स्वच्छता, गुणस्तर तथा पोषण सम्बन्धि विद्यालयस्तरीय सचेतना कार्यक्रम, खाद्य स्वच्छता प्रणाली व्यवस्थापन सम्बन्धी सरोकारवालासंग अन्तरक्रिया लगायत रहेका थिए । यस्ता कार्यक्रमले खाद्य स्वच्छता र पोषण सम्बन्धमा सचेतना बिस्तार हुने र खाद्य व्यवसायीमा खाद्य स्वच्छता र गुणस्तर सम्बन्धमा आफ्नो दायित्वको बोध हुने अपेक्षा गरिएको छ ।

२. **खाद्य/दाना उद्योग तथा बजार अनुगमन र गुणस्तर नियमन**

- आर्थिक बर्ष २०८२/०८३ को अवधिमा खाद्य स्वच्छता तथा गुणस्तर नियमन गर्न खाद्य तथा दाना बजार ४९९ पटक, खाद्य तथा दाना उद्योग ४१२ पटक, होटल रेष्टुरेन्ट ३९८ पटक, यपिड

फोन नं.: ०४१-५९०११७
इमेलः ftqcoj@gmail.com

रेस्पोन्स ७७ पटक र संबेदनशिल खाद्य बस्तु उत्पादन गर्ने उद्योग १३५ पटक भन्दा बढी अनुगमन भएको । यस अवधिमा विभिन्न उपभोक्ताबाट प्राप्त भएका ५४ भन्दा बढी उजुरी सम्बोधन गरिएका छन् ।

- यस अवधिमा खाद्य तथा दाना पदार्थ ऐन नियम अन्तर्गत जम्मा ६२८ वटा नमूना संकलन भएकामा १० नमूनाको परीक्षण प्रतिवेदन ऐन नियम प्रतिकुल पाइएको छ ।
- ऐन नियम अन्तर्गत संकलित नमूनाहरुको विश्लेषण प्रतिवेदन प्रतिकुल पाइएका खाद्य पदार्थका उत्पादक तथा बिक्रिवितरण गर्ने ७३ उद्योगी व्यवसायी विरुद्ध खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम सम्बन्धित जिल्ला अदालत तथा जिल्ला प्रशासन कार्यालयमा मुद्दा दायर गरिएको छ (नोटः अघिल्लो आ.ब.का बाँकी मुद्दा समेत यस आ.व.मा जिम्मेवारी सरेर आएका)। यसरी, सम्बन्धित अदालतमा दायर भएका ७३ मुद्दा मध्य डिभिजन कार्यालय वीरगंजबाट ५१, डिभिजन कार्यालय जलेश्वरबाट १५, डिभिजन कार्यालय मलंगवाबाट ५ र यस कार्यालयबाट २ रहेका छन् ।
- २०८३ असार महिनामा संयुक्त अनुगमन टोलीले धनुषाका ४४ होटल तथा रेष्टुरेन्टमा गरेको अनुगमनमा १२ वटामा कैफियत भेटिएपछि उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम निरीक्षण अधिकृतबाट रु. चार लाख २० हजार जरिवाना गरिएको छ । त्यसैगरी, सर्लाहीका २४ होटल तथा रेष्टुरेन्टमा गरिएको अनुगमनमा १७ वटामा कैफियत भेटिएपछि निरीक्षण अधिकृतबाट रु. छ लाख ६७ हजार जरिवाना गरिएको छ । अनुगमन तथा निरीक्षणका क्रममा फेला परेका म्याद गुज्रिएका, लेबल विवरण नभएका, सडेगलेका तथा अन्य ऐन नियम प्रतिकुलका खाद्य वस्तुहरू जफत गरी सम्बन्धित सरोकारवालाको रोहबरमा नष्ट गरिएको छ ।

**३. <u>अनुमतिपत्र जारी/नवीकरण र सिफारिस</u>**: यस अवधिमा १२१ उद्योगलाई अनुज्ञापत्र जारी, ३०७ उद्योगको नवीकरण र ३४७ नयाँ उद्योग स्थापनाका लागि सिफारिस गरिएको छ ।

**४. <u>विश्लेषण सेवा</u>**: यस अवधिमा मधेस प्रदेशका जिल्लाहरुबाट ऐन नियम बमोजिमका ६२८ वटा, उत्पादकको अनुरोधमा १२२८, सरकारी निकायबाट २०, अनुमतिपत्र जारी/नवीकरणका लागि १७७८ सहित कुल ४५५९ वटा नमूना परीक्षण गरिएको थियो। तीमध्ये ३५ नमूना ऐन नियम प्रतिकुल पाइएको छ । यस अवधिमा द्रुत बिषादी अवशेष परीक्षण विधिबाट ५१० वटा ताजा फलफुल तरकारीका नमूनामा बिषादी अवशेष परीक्षण गरिएकोमा सबै नमूना तोकिएको मापदण्ड अनुकुल पाईयो ।

**५. <u>राजश्व संकलन</u>**: नमूना परीक्षण, अनुज्ञापत्र जारी, नवीकरण तथा उद्योग सिफारिस लगायतका सेवा प्रदान गरे बापत रु. ३८,३६,१७० राजस्व सङ्कलन भएको ।